रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, पुष २९ गते, २०७८ साल संख्या १८

## भाग-२

## पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०९/२९**

**प्रस्तावना :** व्यवसायिक कृषक तथा उद्यमीहरुले सञ्चालन गरिरहेको व्यवसाय र सो को सम्भाव्यताको आधारमा अनुदान र अनुदानमा पशुपन्छी तथा मत्स्यजन्य सामग्री वितरण गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्न सक्दछ। नगरपालिकाबाट पशुपन्छी विकास तथा मत्स्य तर्फ सञ्चालित कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न रामग्राम नगरपालिका नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ लागु गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

क) यस कार्यविधिको नाम पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ रहेको छ।

ख) यो कार्यविधि रामग्राम नगरपालिकाको स्थानिय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषा :**

क) “नगरपालिका” भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्दछ।

ख) “कार्यपालिका” भन्नाले रामग्राम नगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) “महाशाखा” भन्नाले आर्थिक विकास महाशाखा सम्झनु पर्दछ।

घ) “शाखा” भन्नाले पशुपन्छी विकास शाखा सम्झनु पर्दछ।

ङ) “कृषक” भन्नाले रामग्राम नगरपालिका क्षेत्रका पशुपन्छी र मत्स्य पालक कृषक सम्झनु पर्दछ।

च) “कार्यविधि” भन्नाले पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्दछ।

छ) “अनुदान कार्यक्रम” भन्नाले रामग्राम नगरपालिकाबाट पशुपन्छी विकास शाखा मार्फत अनुदानमा सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

ज) “लागत सहभागिता ” भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनु पर्दछ ।

झ) “कार्यालय” भन्नाले रामग्राम नगरपालिका कार्यालय सम्झनु पर्दछ ।

ञ) “वडा” भन्नाले रामग्राम नगरपालिका कार्यालयका वडाहरु सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्धेश्य

**३) कार्यविधिको उद्धेश्य :**

क) नगरपालिकाबाट सञ्चालन हुने पशुपन्छी तथा मत्स्य विकास सम्वन्धी कार्यक्रम प्रकृयालाई सरल,सहज,प्रभावकारी,पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख)पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई दिगो,मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

ग)अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने ।

घ) सेवा प्रवाहको प्रकृयालाई सरल,निष्पक्ष र प्रणालीयुक्त बनाउने ।

ङ) पशु उपचार,पशु स्वास्थ्य र रोग निदान प्रकृयालाई गुणस्तरीय बनाउने ।

च) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

छ) पशुपन्छीजन्य पदार्थ तथा मत्स्य उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद ३
## कार्यक्रम र सञ्चालन प्रकृया

**४) पशुपन्छी तथा मत्स्य स्वास्थ्य कार्यक्रम :**

क) निःशुल्क पशु स्वास्थ्य शिविर :

१) नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको अनुसार शाखाले नगर प्रमुखसगँ समन्वय गरी स्थानिय आवश्यकता र माग अनुसार निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गर्न स्थान छनौट गर्नेछ ।

२) शाखाले प्रमुख प्रशासकीय अधिकृत र महाशाखासगँको समन्वयमा विशेषज्ञ टोली सहित शिविर सञ्चालनका लागि आवश्यक पर्ने औषधी, खोप, उपकरण तथा अन्य आवश्यक सामग्री तथा तयारीको व्यवस्थापन गर्नेछ ।

३) शाखाले कार्यक्रम सञ्चालन गर्ने क्षेत्रका लाभान्वित वर्गलाई सम्वन्धित वडा कार्यालय मार्फत सूचित गर्नेछ ।

४) खर्च मापदण्ड : पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| क.स. | क्रियाकलाप | लागत |
|---|---|---|
| १ | औषधी खोप तथा अन्य सामग्री व्यवस्थापन | १,२०,०००। |
| २ | चियापान,खाना खाजा खर्च | १०,०००। |

| | | |
|---|---|---|
| ३ | अस्थायी ट्रेविज निर्माण,इन्धन तथा लजिष्टिक व्यवस्थापन | ६,०००। |
| ४ | बिशेषज्ञ/स्रोत व्यक्ति भत्ता | ९,०००। |
| ५ | विविध खर्च | ३०००। |
| ६ | मसलन्द | २०००। |
| जम्मा | | १,५०,०००। |

५) निःशुल्क पशु स्वास्थ्य शिविरका लागि विशेषज्ञ तथा प्राविधिक कर्मचारीहरुको सेवा शुल्क देहाय बमोजिम रहने छ ।

| क.स. | स्रोत व्यक्ति | प्रति व्यक्ति प्रति दिन खर्च | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक | १५००। | |
| २ | बाह्य | २५००। | स्थान र समयका आधारमा यातायात खर्च थप गर्न सकिने । |

६) शिविर सञ्चालनका सम्पूर्ण क्रियाकलाप प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत कार्यक्रमको परिधिभित्र रहि निःशुल्क सञ्चालन गर्नेछ ।

ख) पशुपन्छी तथा मत्स्य उपचार सेवा : नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही रामग्राम नगरपालिकाका कृषकले पालन गरेका पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परिक्षण, निदानका आधारमा तपसिल बमोजिमको समूह अर्न्तगत पर्ने पशुपन्छी तथा मत्स्य उपचारजन्य औषधी शाखा वा कार्यालयले तोकेको स्थानबाट स्वीकृत बजेटको परिधिभित्र रहि निःशुल्क वितरण गर्नेछ ।

तपसिल :

| क.स. | औषधीको विवरण (समूह) | कैफियत |
|---|---|---|
| 1. | Anti-inflamatory | |
| 2. | Anti-pyretic | |
| 3. | Analgesic | |
| 4. | Antibiotics | |
| 5. | Antifungal | |
| 6. | Antihelminthics | |
| 7. | Antiprotozoal | |
| 8. | Antiseptics and Disinfectants | |
| 9. | Antimicrobials | |

| | | |
|---|---|---|
| 10. | Dressing materials | |
| 11. | Antineoplastic | |
| 12. | Antispasmodic | |
| 13. | Cholinergic and anticholinergics | |
| 14. | Antiarrhythmics | |
| 15. | Antiemetics | |
| 16. | Drugs used in poisoning treatment | |
| 17. | Corticosteroids | |
| 18. | Coagulants | |
| 19. | Diuretics | |
| 20. | Bronchodialators | |
| 21. | Expectorants | |
| 22. | Antitissuve | |
| 23. | Anesthetics | |
| 24. | Multivitamins | |
| 25. | Minerals | |
| 26. | Appetite stimulants | |
| 27. | Digestive drugs | |
| 28. | Laxative and purgatives | |
| 29. | Anti bloating drugs | |
| 30. | Vaccines | |
| 31. | Respiratory stimulants | |
| 32. | Probiotics | |
| 33. | Sedatives | |
| 34. | Tranqulizers | |
| 35. | Electrolytes and (iso hyo hyper tonic) fluids | |

ग) निःशुल्क खोप सेवा कार्यक्रम :

१) रामग्राम नगरपालिकाका कृषकहरुले पालन गरेका पशुपन्छीमा विभिन्न समयमा देखा पर्ने महामारी जन्य रोगहरुको रोकथामका लागि तपसिल बमोजिमका रोगहरु विरुद्ध स्वीकृत बजेटको परिधिभित्र रहि निःशुल्क खोप सेवा कार्यक्रम सञ्चालन गर्नेछ ।

तपसिल :

क) भ्यागुते चरचरे

ख) खोरेत

ग) पिपिआर

घ) स्वाईनफिभर

ङ) रानीखेत

च) गम्वारो

छ) रेविज

ज) अन्य

२) खोप सेवा सञ्चालन गर्न सार्वजनिक सूचना मार्फत निजी क्षेत्रका भेटेरिनरी प्राविधिक (ग्रा.प.स्वा.का., जेटिए,जेटि) लाइ प्रत्येक आ.व.का लागि भ्याक्सिनेटर नियुक्ती/सम्झौता गरि काममा लगाउन सकिनेछ ।

३) खोप सेवा सञ्चालन गर्दा बजेट तथा कार्यक्रमको परिधिभित्र रहि रोगको फैलावट, पशुपन्छी पालनको घनत्व, पशुहाटबजार आदिका आधारमा जोखिम क्षेत्रको विश्लेषण गरि सोही आधारमा खोप कार्य सञ्चालन गरिनेछ ।

४) खोप कार्यक्रम सञ्चालनका लागि सम्वन्धित क्षेत्रका जनप्रतिनिधि,कृषक तथा सरोकालवालाहरुसगँ शाखाले समन्वय गर्नेछ ।

५) खोपका लागि आवश्यक पर्ने औषधी, सामग्री तथा आवश्यक व्यवस्थापन नगरकार्यपालिकाको कार्यालयले गर्नेछ ।

६) खोप लगाउनका लागि अटोमेटिक सिरिञ्ज वा साधारण सिरिञ्ज प्रयोग गरिएतापनि एकै गोठका लागि प्रति १० जनावर वा सो भन्दा कम भएमा प्रति गोठका लागि छुट्टा छुट्टै सिरिञ्ज निडिल प्रयोग गरिनेछ ।

७) खोप लगाएका पशुको पहिचानका लागि शाखाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८) भ्याक्सिनेशन गरेको विवरण (पशु संख्या) खुल्ने फारममा सम्बन्धित पशुपालक कृषक र वडा अध्यक्ष वा सचिवबाट प्रमाणित गराई भ्याक्सिनेटले शाखामा पेश गर्नुपर्नेछ ।

९) खोप कार्यको नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महाशाखा प्रमुख , भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वडा अध्यक्ष लगायतका सरोकारवाला निकायले अनुगमन तथा मूल्याङ्कन गर्नसक्नेछ ।

१०) रोगको सम्भावित आउटब्रेक नियन्त्रणका लागि शाखाले खोपको केही मात्रा भण्डारण गरी राख्नुपर्नेछ ।

११) खोप कार्य र रोगको नियन्त्रणका लागि शाखाले नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको आदेशमा अन्य निकायसगँ समन्वय र सहकार्य गर्न सक्नेछ ।

१२) खोप कार्यका लागि वडा कार्यालयको प्रमाणित भरपाईका आधारमा पिपिआर खोपका लागि प्रति पशु रु.५।, भ्यागुते चरचरे,खोरेत खोपका लागि प्रति पशु रु.१०।,गम्वारो रानीखेत खोपका लागि प्रति पंछी

रु.१।,स्वाइन फिभर खोपको प्रति पशु रु.५। र अन्य रोगको खोप स्वीकृत भए अनुसार नगरपालिकाले भुक्तानी गर्नेछ । प्रदेश र संघीय सरकारले भ्याक्सिनेटरको पारिश्रमिक शुल्क थपघट गरेमा सोही बमोजिम भ्याक्सिनेटरलाई पारिश्रमिक वापतको रकम भुक्तानी गरिनेछ ।

१३) अनुगमन कार्यका लागि अनुगमनमा खटिने जनप्रतिनिधि तथा कर्मचारीलाई तोकिए अनुसारको सुविधा भुक्तानी गरिनेछ ।

**५) घाँसका बीउ वितरण कार्यक्रम :**

क) रामग्राम नगरपालिकाका कृषकलाई उत्पादन लागत घटाउन र घाँसखेतीमा प्रोत्साहन गर्न नगर सभाबाट कार्यक्रम स्वीकृत भए बमोजिम अनुदानमा विभिन्न जातका घाँसका बीउ शाखाले वितरण गर्नेछ ।

ख) बीउ वितरणका लागि व्यवसायीक पशुपालक कृषक तथा नगरका अन्य पशुपालक कृषकहरुलाई सार्वजनिक सूचना मार्फत माग संकलन गरि कृषकले पालन गरेको पशु संख्या, जमिन तथा मागका आधारमा हिउदे,बर्षे, बहुबर्षे, डाले प्रकृतिका बिभिन्न जातका घासका बीउ वितरण गरिनेछ ।

ग) स्वीकृत गरेको बजेटको परिधिभित्र रहि विभिन्न जातका घासँका बीउ ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

**६) इलेक्ट्रिक च्यापकटर वितरण कार्यक्रम :**

क) व्यवसायीक पशुपालन गरेका कृषकहरुलाई आहाराको समूचित उपयोग गर्न इलेक्ट्रिक च्यापकटर खरिद गरि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) नगर सभाबाट स्वीकृत भए बमोजिम सार्वजनिक सूचना मार्फत व्यवसायीक फर्महरुलाई लक्षित गरि शाखा मार्फत कार्यक्रम सञ्चालन गर्ने ।

ग) च्यापकटर खरिद सम्बन्धी प्रकृया कार्यालयले गर्ने तथा शाखा मार्फत छनौटमा परेका कृषकलाई सामग्री वितरण गर्नेछ ।

घ) स्वीकृत बजेटको परिधिभित्र रहि नगरपालिकाको अनुदान कुल लागतको ५० प्रतिशत वा रु.२५,०००। मध्ये कम हुन आउने रकम रहनेछ ।

ङ) प्रचलित कानुन बमोजिम दर्ता नविकरण भएको व्यवसायीक पशुपालक कृषक हुनुपर्नेछ ।

**७) माछा मासु पसल सुधार कार्यक्रम :**

क) वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यालयले माछामासु पसल सुधार कार्यक्रम सञ्चालन गर्नेछ ।

ख) माछा मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्दा मासु को बिक्री वितरणमा संलग्न वा व्यवस्थित गर्न चाहने मासु व्यवसायीले प्राथमिकता दिइनेछ ।

ग) माछा मासु पसल सुधार कार्यक्रम शहर उन्मुख क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिनेछ ।

घ) यस कार्यक्रम अन्तर्गत छनोट हुने मासु पसल सरकारी निकायमा आधिकारिक दर्ता तथा नविकरण हुनुपर्नेछ ।

ङ) माछा मासु पसल सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा २५ किलो माछा वा मासु बिक्री वितरण गरि रहेको हुनुपर्नेछ ।

च) अनुदानमा कार्यक्रम सञ्चालन गर्न इच्छुक व्यवसायीले आफुले अनुदानमा गर्ने कार्यको लागत स्टीमेट तयार गरि कार्यक्रम सम्झौताको समयमा पेश गर्नुपर्नेछ । सम्झौता पश्चात सोही बमोजिम कार्य गर्नुपर्नेछ।

छ) माछा मासु पसल सुधारका मापदण्ड :

माछा मासु पसल सुधार कार्यक्रम अर्न्तगत छनोट भएका प्रस्तावकहरुले कार्ययोजना स्वीकृत गराई देहाय बमोजिमको कार्यमा खर्च गर्न सक्नेछन् :

१. माछा मासु कक्षका भित्तामा कम्तीमा ५ फिट सेतो टायल लगाउनु लगाउने,

२. पशुवध गर्दा निस्कने फोहर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने,

३. शौचालय र हात धुनका लागि वेसिन निर्माण सुधार गर्ने,

४. पशुको प्रकार अनुसारको मासु अलग अलग राख्न र बेच्नका लागि पार्टेशन गर्ने,

५. वधस्थलमा काट्ने भुत्लाउने र सफा गर्ने स्थल निर्माण गर्ने,

६. मासु राख्ने डिप फ्रिज सोकेश र चिलर खरिद गर्ने,

७. वधस्थल तथा पसलमा प्रयोग हुने उपकरण तथा औजार स्टेनलेस इस्टिलको खरिद, मासु झुन्डाउने हुक स्टेनलेस इस्टिलका टेवल, छुरा, चक्कु, डिजिटल तराजु, अचानो खरिद गर्ने ।

८. सम्बन्धित साझेदारले स्वस्थकर मासु बिक्री वितरण सम्बन्धित आचार सहिंता पालना गरेको हुनुपर्ने ।

९. माछा पसलका लागि आवश्यक अनुसार ताजा माछा संरक्षण पोखरी निर्माण गर्ने र बिक्री  स्थल निर्माण तथा मर्मत सुधार गर्ने ।

ज) यस कार्यक्रम अर्न्तगत कार्यसम्पन्न पश्चात माछा मासु पसल सुधारका लागि स्वीकृत बजेटको परिधिभित्र रहि अधिकतम रु १००,०००।-अक्षरुपी एक लाख वा कुल लागतको ५० प्रतिशत मध्ये कम हुन आउने रकम  बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

**८) डेरी पसल निर्माण/सुधार कार्यक्रम :**

क) डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रक्रिया दुध उत्पादक सहकारी संघ संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी, निजी उद्यमीसँग नगरसभाले तोके बमोजिमको अनुदान र व्यवसायीको लागत साझेदारीमा कार्यक्रम गरिनेछ ।

ख) कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागि स्वीकृत कार्यक्रम बजेट अनुसार शाखा मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) अनुदानमा कार्यक्रम सञ्चालन गर्न इच्छुक व्यवसायीले आफुले अनुदानमा गर्ने कार्यको लागत स्टीमेट तयार गरि कार्यक्रम सम्झौताको समयमा पेश गर्नुपर्नेछ । सम्झौता पश्चात सोही बमोजिम कार्य गर्नुपर्नेछ।

घ) डेरी पसल निर्माण/सुधार कार्यक्रमका मापदण्डः

१. डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्दा दुध उत्पादक सहकारी संघ संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी, निजी उधमीलाई संलग्न गराईनेछ ।

२. डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने प्रस्तावकले दैनिक कम्तिमा २०० लिटर दुध वा सो बराबरको दुधजन्य परिकार खरिद बिक्री वितरण गरेको हुनुपर्नेछ ।

३. डेरी पसलको सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्कने बनाईएको हुनुपर्नेछ ।

४. डेरी पसलको भित्ता पक्की खालको हुनुपर्नेछ ।

५. डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी, नजम्ने र नसोस्ने किमिमले ढलान गरिएको सजिलै सफा गर्न सकिने किसिमको हुनुपर्नेछ ।

६. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रतिबन्ध मिलाएको हुनुपर्नेछ ।
७. डेरी पसलमा प्रयोग गरिने औजारमा खिया नलागेको तथा स्टेनलेस स्टिलले बनेको हुनुपर्नेछ ।
८. नियम अनुसारको दर्ता नविकरण भएको हुनुपर्नेछ ।
९. डेरी पसल निर्माण सुधार कार्यक्रम अर्न्तगत छनोट भएका प्रस्तावकहरुले कार्ययोजना स्वीकृत गराई देहाय बमोजिमको कार्यमा खर्च गर्न सक्नेछन् :

९.१ बिक्री कक्ष निर्माण, टायल/मार्वल फिटिङ., सेटिङ., एरेन्जमेन्ट, बोर्ड/व्यानर आदि निर्माण गर्ने

९.२ मिल्क क्यान, मिल्क एनालाईजर, चिलर, डिप फ्रिज खरिद गर्ने ।

९.३ दुध प्याकेजिङ. मेसिन खरिद र जडान गर्ने ।

९.४ मिल्क डिस्पेन्सर खरिद गर्ने ।

९.५ डेरी पसलको सजावट र फोहर व्यवस्थापन सम्बन्धीकार्य ।

९.६ पसलमा टायल लगाउन र सिलिङ. बनाउने कार्य गर्ने ।

९.७ डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गर्न वा मार्वल/टायल लगाउने कार्य गर्ने ।

९.८ डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन cap, mask, gumboot, apron, gloves खरिद गर्न ।

९.९ डेरी पसलमा जाली/ढोका व्यवस्थापन गर्ने ।

९.१० डेरी पसल सुधार, डेरी जन्य पदार्थ उत्पादनका लागि आवश्यक अन्य कार्य ।

ङ) यस कार्यक्रम अर्न्तगत कार्यसम्पन्न पश्चात डेरी पसल निर्माण | सुधारका लागि स्वीकृत बजेटको परिधिभित्र रहि अधिकतम रु १००,०००।-अक्षरुपी एक लाख वा कुल लागतको ५० प्रतिशत मध्ये कम हुन आउने रकम बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

**९) पोषण सुधारका लागि स्थानीय जातका कुखुरा पालन कार्यक्रम :**

क) रामग्राम नगरपालिकाको नगरसभाबाट स्वीकृत भए अनुसार नगरप्रमुखको समन्वयमा सिमान्कृत समुदायलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने,
ख) कार्यक्रम सञ्चालनका लागि कार्यालयको स्वीकृत बजेटको परिधिभित्र रहि ५० प्रतिशत अनुदान कार्यक्रम सञ्चालन गर्नेछ ।
ग) कार्यक्रम गर्न ईच्छुक रही प्रस्तावना स्वीकृत भएका कृषकहरुले कुखुराको चल्ला खरिद, खोर निर्माण, तालिम, खोप, परजिवी नियन्त्रण जस्ता सामग्री तथा खरिद जस्ता कार्य गर्ने तर दाना खरिद गर्न पाइने छैन।

घ) उपदफा ग बमोजिमका कार्यक्रम सञ्चालन प्रस्तावना पेश गरि कार्यालयबाट स्वीकृत भए अनुसार रहनेछ ।

ङ) अनुदानमा कार्यक्रम सञ्चालन गर्ने इच्छुकले अनुदानमा गर्ने कार्यको लागत स्टीमेट तयार गरि कार्यक्रम सम्झौताको समयमा पेश गर्नुपर्नेछ । सम्झौता पश्चात सोही बमोजिम कार्य गर्नुपर्नेछ ।

च) कार्यक्रम समूह मार्फत सञ्चालन गर्नुपर्नेछ । प्रति कृषक ५० वटा ६ हप्ताका ग्रामिण कुखुराका चल्ला पालन गर्नुपर्नेछ ।

## परिच्छेद ४
## कार्य सञ्चालन तथा भुक्तानी

**१०) कार्य सञ्चालन तथा भुक्तानी प्रकृया :**

क) पशुपन्छी विकास कार्यक्रम अन्तर्गत अनुदानमुखी कार्यक्रम सञ्चालनका अनुसुची १ बमोजिमको ढाचाँमा प्रमुख प्रशासकीय अधिकृतको आदेशले शाखा मार्फत १५ दिने सार्वजनिक सूचना आव्हान गर्ने ।

ख) इच्छुक कृषकहरुले अनुसूची २ बमोजिमको ढाँचामा अनुसुची ३ बमोजिमका कागजात संलग्न राखी अनुसूची ४ बमोजिमको ढाचाँमा प्रस्तावना सहित सूचनामा तोकिए बमोजिमको कार्यालयमा निवेदन पेश गर्ने ।

ग) निवेदन सहित पेश गर्ने कागजात र प्रस्तावनाको ढाँचा कार्यक्रम अनुसार सूचनामा उल्लेख गरे बमोजिम रहने ।

घ) मेसिनरी औजार, माछा मासु डेरी पसल सुधार लगायतका अनुदान कार्यक्रम रित पूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची ५ का आधारमा मूल्याङ्न गर्नेछ ।

ङ) दफा घ बमोजिम छनौट भएका प्रस्तावकको स्वीकृत कार्ययोजना, लागत स्टीमेट अनुसार अनुसुची ६ बमोजिम सम्झौता गर्ने ।

च) सामग्री खरिद गरि वितरण गर्ने कार्यक्रममा प्रचलित कानुन बमोजिम कार्यालयले खरिद गरी तोकिए बमोजिमको अनुदान र कृषकको लागत सहभागितामा शाखाले वितरण गर्ने ।

छ) अनुदान रकम भुक्तानी गर्नुपर्ने निर्माण,मर्मत सुधारजन्य अनुदानमा अनुदानग्राहीसगँ भएको सम्झौता बमोजिमको कार्यसम्पन्न पश्चात पेश हुन आएका बिल भरपाईका आधारमा बैक खाता मार्फत अनुदान रकम भुक्तानी गर्ने ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन

**११) मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :**

क) कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखको स्वीकृत बमोजिम कार्यक्रम मूल्याङ्न समिति रहनेछ ।

ख) मूल्याङ्न समितिले अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखबाट स्वीकृत पश्चात वितरण गर्ने ।

ग) घाँसको बिउ,औषधी, परजिवी नियन्त्रण सम्बन्धी औषधी तथा खोप जस्ता वितरणका तथा कार्यक्रम सञ्चालन कृषकको माग बमोजिम शाखाले नै मूल्याङ्कन तथा छनौट गरि वितरण गर्नेछ ।

घ) सञ्चालित कार्यक्रमको अनुगमन नगरप्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला पक्षले गर्नसक्नेछ ।

ङ) मूल्याङ्कन र अनुगमन समितिको सेवा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

**परिच्छेद ६**

**विविध**

**१२) विविध**

क) पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा बाधा फुकाउन आवश्यक भएमा नगर कार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रदेश र संघीय कानुनसगँ बाझिएको हदमा प्रदेश र संघीय कानुन बमोजिम हुनेछ ।

अनुसूची १

सूचनाको ढाँचा

**प्रथम पटक प्रकाशित मिति :** ......./......./..........

यस रामग्राम नगरपालिकाको आ.व.......... को स्वीकृत वार्षिक कार्यक्रम..............अनुसार निम्न लिखित कार्यक्रमहरु पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यवसायिक फर्म/कृषक/कृषक समुहले यो सुचना प्रकाशित भएको मितिले ........... दिनसम्म कार्यालय समय भित्र.......................मा निवेदन दर्ता गर्नु हुन आवहान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क.स. | कार्यक्रम | कार्यालयको अनुदान रकम/प्रतिशत | कृषकको लागत सहभागिता रकम/प्रतिशत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

अनुसूची २

**निवेदनको ढाँचा**

श्रीमान् ......................... ज्यू,

रामग्राम नगरपालिका

नवलपरासी(ब.सु.प)

विषय : निवेदन पेश गरेको सम्बन्धमा ।

महोदय,

उपर्युक्त विषयमा त्यस कार्यलयको मिति ............... का दिन प्रकाशित सुचना अनुसार म/हामी निवेदकले............ कार्यक्रममा सहभागी हुनका लागि योग्य रहेकाले सूचनामा माग गरे अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । साथै लागत सहभागिता बापतको रकम तिर्न मन्जुर रहेको छ ।

निवेदकः
नामः
ठेगानाः
फार्मको नामः
दस्तखतः
मितिः
सम्पर्क नंः

अनुसूची ३

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु**

१. नेपाली नगरिकताको प्रतिलिपि ।

२. अनुसुचि-२ अनुसारको ढाचामा निवेदन ।

३. अनुसुचि-४ अनुसार विस्तृत व्यावसायिक कार्ययोजना ।

४. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्ष सम्झौता पत्रको प्रतिलिपी) ।

५. प्रचलित कानुन बमोजिम दर्ता भए भएको प्रमाण पत्र प्रतिलिपि ।

६. स्थायी लेखा नम्बर/भ्याट दर्ता र कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

७. प्रस्तावकले कम्तिमा...... लागत साझदारी गर्ने प्रतिवद्वता पत्र ।

८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

९. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारबाट फर्केको प्रमाणित प्रतिलिपि ।

१०. जग्गाको तिरो (कर) तिरेको रसिदको प्रतिलिपी ।

११. नगर सभाले तोके बमोजिमको टिकट तथा निवेदन दस्तुर वापतको रकमको नगदी रसिद ।

अनुसूची ४

कार्ययोजनाको ढाँचा

**कार्यकमको संक्षिप्त व्यवसायिक कार्ययोजना**

कार्यक्रमको नाम : ................................

जिल्ला : नवलपरासी(ब.सु.प) न.पा : रामग्राम वडा नं :......... टोल :..........................

फार्मको नाम :.............................................................

सन्चालकको नाम :.........................................................

१. व्यवसायको परिचय :................................................

२. उद्वेश्यहरु :...........................................................

३. पशुपंक्षी पालन व्यवसायको अनुभव :.......................................

४. व्यवसाय सञ्चालन गरिने स्थान :.............................................

५. व्यवसाय सञ्चालनका लागि रहेका पुर्वाधारहरु :..................................

६. हाल पालन गरिएको पशु विवरण र संख्या :................................................

७. तालिम सम्बन्धी विवरण :...................................

८. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण :

| क्र.स. | सञ्चालन गरिने कार्यकम्र : | अनुदान प्रतिशत | निजी लगानी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

९. सञ्चालन हुने कार्यकम्रको वातावरणीय उपयुक्तता(प्रभाव पर्ने वा नपर्ने) :..................

१०. उत्पादित वस्तुको बजार योजना :....................

११. थप आधारहरुः

उपलब्ध जग्गाको स्वामित्व :..........................................

उपलब्ध जग्गाको क्षेत्रफल :...........................................

दैनिक ...... उत्पादन। बिक्री :................................................

अपेक्षित वार्षिक प्रतिफल :.........................................

अन्य कारोवार :......................................................

१२.हाल सम्म कुनै पनि निकायबाट अनुदानमा ................. लिए/ नलिएको :....................

क) लिएको भए कुन निकाएबाट कहिले लिएको :.........................................................

संलग्न कागजातहरु :

१.

२.

३.
४.
५.

<u>कार्ययोजना पेश गर्ने:</u>

फर्मको नाम :..................................................
सञ्चालक/कृषकको नाम :....................................
स्थायी ठेगाना जिल्ला : नवलपरासी(ब.सु.प) न.पा .: रामग्राम वडा नं. .......
टोल:....................
फर्म सञ्चालन गरिने स्थान :.........................................
फर्म/कृषकको तर्फबाट सही गर्नेको
दस्तखत :

दा. बा.

अनुसूची ५

मूल्यांकनको ढाँचा

**प्रस्ताव मुल्यांकनका आधारहरु**

१. नामः

२. ठेगानाः

३. कार्यक्रमको नामः

४. मुल्यांकनका आधारहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति छ।छैन

ख) तोकिएको ढाचाँमा निवेदन र कार्ययोजना छ।छैन

ग) जग्गाको स्वामित्व देखिने कागजात वा सम्झौता पत्र छ।छैन

घ) स्थानिय तह । आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी छ।छैन

ङ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी छ।छैन

च) लागत साझेदारी गर्ने प्रतिवद्धता छ।छैन

छ) वडा कार्यालयको सिफारिस छ।छैन

ज) सूचनामा माग भएका अन्य कागजातहरु छ।छैन

| क्र.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पुर्वाधारको अवस्था | २० | | |
| २ | व्यवसाय व्यवस्थापनको वस्था र संवाहक | १० | | |
| ३ | प्राविधिक रुपमा उपयूक्त र स्थान अवस्थिति | १० | | |
| ४ | रोजगारीको अवस्था | ५ | | |
| ४.१ | कम्तिमा ३ जना भए | ३ | | |
| ४.२ | सो भन्दा बढी भए | ५ | | |
| ५ | वातावरणीय । सामाजिक प्रभाव | ५ | | |
| ६ | उत्पादित बस्तूको बजार योजना | ५ | | |
| ७ | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हून सक्ने सम्भावना | १५ | | |
| ८ | कार्ययोजनाको अवस्था | ५ | | |
| ९ | सम्वन्धित विषयमा अध्ययन र तालिम | ५ | | |
| १० | जग्गाको स्वामित्व | १० | | |
| १०.१ | निजी | १० | | |
| १०.२ | भाडामा | ८ | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | समावेशिता | ५ | | |
| १२ | अन्य वस्तूगत अवस्था | ५ | | |
| | जम्मा | १०० | | |

५. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरण:

६. स्थलगत अनुगमन टोलीको राय:

| क.सं. | पद | राय दिनेको नाम | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

अनुसूची ६

सम्झौताको ढाँचा

**सम्झौता पत्र**

आर्थिक वर्ष...............मा सञ्चालन हुने ......कार्यक्रमको लागि रामग्राम नगरपालिका..(यस पछि प्रथम पक्ष भनिने) र छनोट भएका कृषक/समुह/सहकारी....(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरुः

१.प्रथम पक्षले लागत साझेदारमा ...कार्यक्रमको लागि कूल लागत रु.... मध्ये अनुदान वापत रु ...दोस्रो पक्षलाई अनुदान वा समाग्री प्रदान गर्नेछ ।

२.दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

३.कार्यक्रम सञ्चालनका लागि आवश्क सम्पूर्ण व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

४. दोस्रो पक्षले सुरुमा आफनो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसार बिल भरपाइ तथा आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात कार्य प्रगतिको आधारमा एकमुष्ठ दोस्रो पक्षलाई चेक मार्फत भुक्तानी दिइनेछ ।

५.प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह दिन सक्नेछ ।

६.दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

७.कार्यकम्र सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायीत्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८.द्धिपक्षिय सहमति अनुसारको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एकपटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एकपक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रकिया अगाडी बढाउन सक्नेछ ।

९. यस सम्झौता र कार्यकम सञ्चालन सम्वन्धमा नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

१०. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

११.प्रथम पक्ष र दोस्रोपक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन ।

प्रथम पक्षले व्यहोर्ने लागत रु............
दोस्रो पक्षले व्यहोर्ने लागत रु............
अन्य श्रोतबाट प्राप्त लागत रु............
प्रस्तावनाको कुल लागत रु...........

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

मितिः मितिः
कार्यालयको छापः छापः
रोहवर
नामः नामः
पदः पदः
दस्तखतः दस्तखतः

इति सम्वत्.................साल...........महिना......गते रोज.......शुभम् ।

प्रमाणीकरण मितिः २०७८/०९/२९

आज्ञाले
राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत